# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक १३, २०७९ कार्तिक २२ मंगलवार (Jhuleni Post Weekly 08 Nov 2022) पृष्ठ ८, मूल्य रु. २० साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com


# एमालेमा उत्साह, राजमो साख बचाउने कसरतमा

## तातिँदै निर्वाचनको माहोल



**झुलेनी नेटवर्क**
**प्यूठान**

एउटा मात्र निर्वाचन क्षेत्र रहेको प्यूठानमा यतिबेला चुनावको रौनकता छाएको छ । प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि एकातिर सत्ता गठबन्धन र अर्कोतिर एमाले चुनावी मैदानमा छ। गठबन्धनमा उम्मेदवार बनाउने कुरादेखि भएको खटपटले एमालेमा उत्साह थपेको छ भने गठबन्धनलाई चुनावी माहोल ल्याउन सकस भएको छ। मनोनयन दर्ताअघि नै नेपाली कांग्रेसका नेता डा गोबिन्दराज पोखेलले टिकट नपाएपछि प्यूठान चर्चामा रह्यो।

प्यूठानमा २०७४ सालको निर्वाचनमा तत्कालीन वाम गठबन्धनबाट राजमोकी नेतृ दुर्गा पौडेल विजयी भएकी थिइन् । कांग्रेस नेता डा पोखेललाई पराजित गरेकी पौडेललाई यसपटक भोट दिन काग्रेस कार्यकर्ता इच्छुक देखिदैनन् । अहिलेसम्मको अवस्था हेर्दा प्यूठानका पूराना कांग्रेस नेताहरु राजमोलाई भोट दिने पक्षमा छैनन् । भने उनीहरु दुर्गासंगै भोट मागेर हिँडेका छैनन् ।

जिल्लाका शीर्ष नेताहरु समेत गोविन्दले टिकट नपाएपछि गठबन्धनको प्रचारका जुटेका छैनन् । यद्यपी प्रदेशसभामा पनि कांग्रेसमा सुरताल मिलेको देखिदैन । प्रदेश १ मा गठबन्धनबाट माओबादीका कृष्णप्रसाद अधिकारी र २ मा कांग्रेसका सरोज थापाले टिकट पाएका छन् । १ मा एमालेको तर्फबाट तुल्सीराम शर्मा र २ मा हरिप्रसाद रिजाल उम्मेदवार छन् । आन्तरिक किचलोमा रहेको गठबन्धन र अर्कोतिर आफूलाई शक्तिशाली भएको बताउने एमाले उम्मेदवार सूर्य थापाबीच हुने चुनावी प्रतिस्पर्धाबाट आउने नतिजाको जिल्लाका मुख्य मुख्य बजार चोकहरुमा जोडघटाउ हुन थालेको छ। गठबन्धनबाट आफूले टिकट नपाएको विषयमा नेता पोखेलले केहि समय पहिले आफूले रुखमा बाहेक भोट नमाग्ने बताएका थिए । उनै पोखेल अहिलेसम्म चुनावी कार्यक्रमका लागि गृह जिल्ला प्यूठान आएका छैनन् ।

२०७४ सालको निर्वाचनमा प्यूठानबाट प्रतिनिधिसभाका लागि तत्कालीन वाम गठबन्धनका साझा उम्मेदवार दुर्गा पौडेलले ४७ हजार ५ सय १४ मत ल्याएर विजयी भएकी थिइन् । भने कांग्रेसका उम्मेदवार गोविन्दराज पोखेलले ३१ हजार २ सय ८६ मत ल्याएका थिए । हालै सम्पन्न भएको स्थानीय तहको नतिजालाई हेर्दा प्यूठानमा एमाले पहिलो पार्टी, नेपाली कांग्रेस दोस्रो , माओबादी केन्द्र तेस्रो र राजमो चौथो शक्ति बनेको छ । स्थानीय तहको निर्वाचनमा जिल्लाका ९स्थानीय तह मध्ये दुइ स्थानीय तहमा प्रमुख उप प्रमुख सहित जिल्लाका ६४ वटा वडाहरु मध्ये एमालेले एक्लै २० वटा वडामा जित हासिल गरेको छ ।

# झिमरुक फाँटमा गहुँ छर्न ट्र्याक्टर सररर...

**सुजता थापा क्षेत्री (भण्डारी)**
**झुलेनी पोष्ट, प्यूठान**

हरेक वर्ष तिहार पछि झिमरुक फाँटमा गहुँ छर्ने काम सुरु हुन्छ। यसपाली पनि झिमरुक फाँटमा किसानले गहुँ छर्न हिजोआज व्यस्त छन् । केहि वर्ष अघिसम्म झिमरुक फाँटमा गहुँ छर्न नारेका हल गोरुले फाँट भरिभराउँ जस्तै देखिन्थे। तर, हिजोआज किसानको खेति गर्ने तरिका फेरिएको छ। बदलीएको छ। झिमरुक फाँटमा हलगोरु देखिन छाडेका छन् । किसानको खेतमा सररर ट्र्याक्टरले एकैछिनमा जोतेर गहुँ छरेर भ्याइदिन्छ, किसान खुशी हुन्छन्। तीन दिन पहिलेसम्म धान भित्राएर बाँझै रहेको खेतमा गहुँ छरेर फाँट फुर्सै भएको छ। केहिदिनमै हरीयाली हुने छ। किसानको खेतबारीमा गहुँ छर्नको लागि आफूलाई भ्याई नभ्याई भएको प्यूठान नगरपाकिला ४ टारीका राजेश गैतमले बताए । प्यूठान नगरपालिका-४ बिजुवार फाँटमा गहुँ छरी खेत ट्र्याक्टरले जोताउँदै गरेको अवस्थामा भेटिएका प्यूठान नगरपालिका-३ रातामाटाका किसान विष्णुवहादुर के.एमले ट्याक्टरले गहुँ छर्न निकै सहज हुन थालेको बताउछन् । 'गोरु लगाएर खेत बाँजो मार्न मात्रै ३ दिन लाग्थ्यो,' उनले भने, 'गोरुले जोत्दा खेतमा ठूला ठूला डल्ला हुन्थे फूट्याउनै गाह्रो ।' बाँझो मारेपछि पूनः गहुँ छर्न ३ दिन समय छुट्टाउनु पर्ने झन्जट ट्र्याक्टरले जोताउन थालेपछि हटेको के.एमले बताए । उनले विगत चार वर्षदेखि आफूहरुले ट्याक्टरले गहु छर्न थालेको बताए। अहिले हलि, गोरुको दैनिक ज्याला १ हजार ५ सय देखि १ हजार ७ सय सम्म दिन पर्नेमा ट्याक्टरले जोताउँदा आधाभन्दा धेरै रकम बचत हुन थालेको बताए । के. एमका अनुसार ट्र्याक्टरद्वारा जोताउँदा समयको बचत हुने,पैसा पनि कम खर्च हुने, बाँझो खेतमा नै सिधैं गहुँ छर्न मिल्नुका साथै डल्ला फोर्नका लागि छुट्टै खेताला खोज्नु पर्ने झन्झट हटेको बताए। त्यस्तै प्यूठान नगरपालिका-४, निवासी सावित्रा नेपालीले ट्र्याक्टरले खेत जोताउन थालेपछि खेति गर्न सहज हुन थाले बताइन्। '३ वर्ष देखि ट्र्याक्टर मार्फत गहुँ छर्दै आएका छौं', उनले भनिन्, 'सजिलै गहुँ छर्न पाएकोमा धेरै सहज भएको छ। ट्र्याक्टर मार्फत जोताउँदा मिनेटको ५० रुपैयाँ लिने गरेको छ ।' झिमरुक फाँटमा किसानहरुले रोपाइँका बेलामा फाट्टफुट्ट गोरुले जोतेर रोपाई गरेपनि पछिल्लो समयमा पनि हाते ट्र्याक्टरले जोतेर रोपाई गर्न थालेको स्थानीय सिता के.एमले बताइन्। प्यूठानका पाखो बारीमा मकै भित्राएको केहि दिन मै गहुँ, तोरी र फापर जस्ता अन्न छर्ने गरिन्छ । गाँउमा जाँदा कार्तिक महिनामा तोरी र फापर ढकमक्क फुलेका छन्। गाउँघरमा समेत ट्र्याक्टर, हाते ट्र्याक्टर प्रयोग गरि खेतिपाति गर्न थालिएको छ।

## हाम्रो नजर

# प्यूठान अस्पतालमा शल्यक्रियाबाट जुम्ल्याहा सन्तान



*मल्लरानी गाउँपालिका २ चुँजाकी मिना नेपाली गत १६ गते सुत्केरी जाँच गराउन प्युठान अस्पतालमा आएकी थिइन । अस्पतालमा मिनालाई चेक जाँच गारि हेर्दा पेटमा दुईवटा बच्चा देखियो । उनको बच्चा जन्मिने समय पुगेको थिएन । मिनालाई प्रेसर पनि बढी भएको कारण प्रेसर घटाउने औषधि दिएर अस्पतालमा भर्ना गरियो । लामो समयपछि मिनाको प्रेसर केही कन्ट्रोल भयो । त्यसपछि प्युठान अस्पतालका एम.डि.जि.पि. डाक्टर सन्तोस केसीले बालरोग विशेषज्ञ डाक्टर सौरभ श्रेष्ठसँग सल्लाह गरि सोमबार ८ महिनामै मिनाको शल्यक्रिया गर्ने निधो गरे ।*

*सोमबार दिउँसो मिनाको सफल शल्यक्रिया भयो । मिनालाई दुईवटा जुम्ल्याहा छोरी समेत जन्मियो । यस्तो अवस्थामा प्युठान जिल्ला अस्पतालमा दक्ष जनशक्ति नभएको भए आमा र बच्चाको अवस्था गम्भीर रहन सक्ने डाक्टर केसीले बताए । जसले गर्दा बिरामीको ठूलो*


**बाँकी ३ पेजमा**


# प्यूठान नगरपालिकाले चुलो कहिले वितरण गर्छ ?



*प्यूठान नगरपालिकाको भुइतलामा लामो समय देखि इन्डक्सन चुलाहरु थन्काएर राखेको छ । ग्यासलाई विस्तापन गर्ने सरकारी नितिअनुसार नगरपालिकाले खरिद गरेका चुलाहरु विगत ५ महिना देखि कार्यालयको भुइतलामा चाङ लगाएर राखिएको छ । खरिद गरिएका चुलाहरु समयमै वितरण गर्न नगरपालिकाले सकेको छैन । सामान खरिद गरि सकेपछि समयमै चुलो वितरणमा नगरपालिका चुकेको छ ।*

*गरिबहरुका लागि वितरण गर्ने भनिएता पनि विद्युत र टेक्नीकल समस्याका कारण वितरण नगरीएको प्यूठान नगरपालिकाका प्रशासकीय अधीकृत महेश गुरुङले बताए । करिव सात लाखको लागतमा १४ सेट चुलो खरिद गरिएको गुरुङको भनाई छ । बढि एमपिएर भएका कारण गाउँको पहुँचमा यो सम्भव नभएको गुरुङले बताए । नगरपालिकामा सवै भन्दा बढि कर तिर्ने करदातालाई सम्मान स्वरुप चुनाव पछि चुलाहरु वितरण गर्ने योजना रहेको नगरपालिकाकाले जनाएको छ ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## निर्वाचनलाई भड्कीलो हुनबाट रोकौं ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन अब मात्र १२ दिन मात्र बाँकी छ । यतिबेला चुनावी मैदानमा उत्रिएका राजनीतिक दल र दल सम्बद्ध कार्यकर्ताहरु चुनावी प्रचार प्रसारमा व्यस्त छन । दलहरु नतिजा आफ्नो पक्षमा ल्याउने कसरतमा जुटेका छन । उनीहरुले घरदैलो अभियान, मार्फत विगतमा जस्तै मतदातालाई आश्वासन दिदै विकास निर्माणका योजनाहरु बाइन रातदिन खटिरहेका छन् । कात्तिक १७ गते पछि मात्र घरदैलो गर्न पाउने व्यवस्था भएपनि नेताहरु जनताको घरमा जाने र उनीहरुको काम सघाएको जस्तो चटक देखाउन पछिपरेका छैनन ।

सामाजिक सञ्जालहरुमा आ आफ्नो पक्षका गितहरु,भिडियो डकुमेन्ट्रीहरु प्रशस्त मात्रामा हेर्न र सुन्न पाईन्छ। अमूक दल होइन, प्रायः सबै दलका नेताले घरदैलो गरिरहेका छन् । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको संघारमा आईपहुँदा चुनाव साह्रै भड्किलो र खर्चिलो हुन थालेको छ । उम्मेदवारी मनोनयन र निर्वाचन मितिबीचको लामो ग्यापका कारण उम्मेदवारहरुले चलखेल गर्ने र मतदाता प्रभावित गर्ने काम शुरु गरिसकेका छन् । राजनीतिक दलका नेता, प्रशासक, व्यापारीदेखि मतदाता सबैले भन्ने गरेको कुरा पछिल्लो समयमा निर्वाचन निकै महंगो भयो । पैसा नभएकाले चुनाव लड्नै नसक्ने भयो । पैसा खर्च गरेर चुनाव जित्ने र चुनाव जितेपछि त्यो खर्च उठाउने चक्रले देशमा भ्रष्टाचार मौलाएको छ । पैसावालले मात्र चुनाव जित्ने परिपाटी अन्त्य नभएसम्म भ्रष्टाचार अन्त्यको सुगा रटाइको कुनै औचित्य छैन ।

पछिल्लो समय आस्था र विचारको राजनीति भन्दा पनि स्वार्थको राजनितिक परिपाठी मौलाएका कारण पनि व्यक्तिगत स्वार्थपूर्तिका लागि यस किसिमको आर्थिक तडकभडक बढेको पाईन्छ, । निर्वाचनका बेला हुने यस्ता खाले आर्थिक बेथिति नियन्त्रण गर्न जरुरी छ । तर यस्ता बेतिथि नियन्त्रण गर्ने ध्यान न त राजनितिक दलहरुको छ न त नेता कार्यकर्ताहरुको नै यसका लागि जबसम्म निर्वाचन आयोग क्रियाशिल हुँदैन तबसम्म यसको नियन्त्रण हुन सक्दैन । निर्वाचन आचारसंहिता लागु गर्ने बिषयमा सक्रियता देखाएको निर्वाचन आयोगले यस बिषयमा पनि नियन्त्रण गर्ने कर्तव्य र दायित्व निर्वाचन आयोगको हो । चुनावलाई सक्दो मितव्ययी बनाउन तथा स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि आयोगले खेलेको भूमिका प्रशंसनीय छ । आगामी दिनमा हुनसक्ने आर्थिक चलखेल रोक्नका लागि र आचरसंहिता उल्लंघनका घटनाहरुलाई रोक्नका लागि पनि मंसिर ४ सम्म निर्वाचन आयोग अत्यन्त सक्रिय र कठोर बन्नु जरुरी छ ।

# ब्वाँसाहरूको प्रीतिभोज



केशव दाहाल

***वस्तुतः यो निर्वाचन हो, निरन्तरका असफलताहरुविरुद्ध नयाँ र सृजनशील भविष्यको । यो निर्वाचन हो, भ्रष्टाचारविरुद्ध सुशासनको । यो निर्वाचन हो, नालायक नेतृत्वविरुद्ध ताजा र ऊर्जाशील नेतृत्वको । अर्थात्, यो निर्वाचन हो, अध्याँरोविरुद्ध उज्यालोको । उज्यालो अर्थात् परिवर्तन ।***

### ब्वाँसाहरूको राजकाज

यो रहस्यमय ब्रह्माण्डमा एउटा अचम्मको देश छ। ब्वाँसाहरूको देश। त्यस देशमा तीन खाले प्राणीहरू बस्छन्। पहिलो श्रेणीमा छन् खुँखार रक्तपिपासु ब्वाँसाहरू। सत्ता, शक्ति र सम्पत्तिका मालिक। राता, नीला, पहेंला, खैरा ब्वाँसा, जो स्वयं रंग बदल्नमा माहिर छन्। खान्छन् मान्छेको रगत र पसिना। लुछ्छन् मान्छेका सपनाहरू। दोस्रो श्रेणीमा छन् उनका सेवकहरू, जो हरदम सत्ताको दलाली गर्छन्, मालिकको चाकडी गर्छन् र राज्यस्रोत मस्तीमा उडाउँछन्।



> वस्तुतः यो निर्वाचन हो, निरन्तरका असफलताहरुविरुद्ध नयाँ र सृजनशील भविष्यको । यो निर्वाचन हो, भ्रष्टाचारविरुद्ध सुशासनको । यो निर्वाचन हो, नालायक नेतृत्वविरुद्ध ताजा र ऊर्जाशील नेतृत्वको । अर्थात्, यो निर्वाचन हो, अँध्यारोविरुद्ध उज्यालोको । उज्यालो अर्थात् परिवर्तन ।



केशव दाहाल

तेस्रो श्रेणीमा छन् दुःखी मान्छेहरू। किसान, मजदुर, कामदार र गरिबहरू। अथवा, भुइँमान्छेहरू। यो यस्तो देशको कथा हो, जहाँ ब्वाँसाहरू आफैं कानुन बनाउँछन् र आफैं कानुन तोड्छन्, जो स्वयं कानुनभन्दा माथि बस्छन् र कानुनको घोडा चढ्छन्, जो आफूलाई भाग्यविधाता ठान्छन् र भुइँमान्छेका कोमल अपेक्षाहरूमा कोर्रा बजाउँछन्।

रोचक के भने, ब्वाँसाहरूको देशमा पनि लोकतन्त्र छ। अझ भनौं, छ संघीय लोकतान्त्रिक गणतन्त्र। तर मात्र संविधानमा। व्यवहारमा छ ब्वाँसोतन्त्र। न लोक छ, न तन्त्र। ब्वाँसाहरू, जो दरबारमा बस्छन्, उनीहरूलाई लाग्छ, लोकतन्त्र भनेको उनीहरूको आदेश हो; गणतन्त्र भनेको उनीहरूको परमादेश। ब्वाँसाहरू जब सेता दरबारका अट्टालिकामा बसेर संघीयताको गीत गाउँछन्, तल प्रदेशमा गाईजात्रा चल्छ अधिकारको। आश्चर्य के भने, त्यस देशमा पनि पार्टीहरू छ। कुनै लोकतन्त्रवादी, कुनै समाजवादी। तर पार्टीभित्र न लोकतन्त्र छ, न छ समाजवाद। मात्र छ गुटतन्त्र, लुटतन्त्र र भुटतन्त्र। हुनलाई त त्यहाँ पनि आवधिक निर्वाचन हुन्छ तर हुन्छ के भने, ब्वाँसाहरू चुनावमा उठ्छन्, उनका सेवकहरूले चुनाव प्रचार गर्छन् र जित्छन् ब्वाँसाहरू नै। कथंकदाचित् झुक्किएर कुनै विवेकी मान्छेले चुनाव जित्यो भने या त ऊ अर्को दिन सानो फ्याउरोमा रूपान्तरित हुन्छ, अथवा ब्वाँसाहरूको दरबारबाट बेदखल गरिन्छ।

त्यो अनौठो देशको इतिहासमाथि थोरै परिचर्चा गरौं। कुनै बेला त्यस देशमा सर्पहरूको शासन थियो। गोमन, करेत, धामन, हरेउ आदि अनेक सर्प र अजिंगरहरू सत्तामा बस्थे। उनीहरूको साथमा थिए डरलाग्दा दाह्रे गोहीहरू। उनीहरू ठूलठूला रहस्यमय दरबारमा बस्थे। दुलाजस्ता। ओडारजस्ता। त्यहीं बसेर उनीहरू आफ्नो चिसो जिब्रो लपलपाउँथे। डस्नु उनीहरूको काम थियो। दरबारनजिकै मैलो र कालो पोखरी थियो। त्यहाँ अजिंगरहरू ढुकेर बस्थे। र, पानी पिउन आउने निर्धा मृग र खरायोहरू समाउँथे। त्यसैलाई उनीहरू सुशासन भन्थे। बेला-कुबेला त्यहाँ पनि चुनाव हुन्थ्यो। सर्पहरू उम्मेदवार हुन्थे। गोमनको प्रतिस्पर्धामा करेत। अजिंगरको प्रतिस्पर्धामा धामन। त्यो यस्तो समय थियो कि मान्छेहरू बोल्न डराउँथे। सर्वत्र अँध्यारो थियो। सर्वत्र छलछाम थियो। अध्यारोमै मान्छेहरू भोट हाल्थे र चुनाव जित्थे सर्पहरूले।

एक दिन, त्यस देशका मान्छेहरूले विद्रोह सुरु गरे। विषालु सर्पविरुद्ध मान्छेको विद्रोह। अँध्यारोविरुद्ध उज्यालोको विद्रोह। अन्यायविरुद्ध न्यायको विद्रोह। आन्दोलनकारीहरू प्रजातन्त्र ल्याउन चाहन्थे। जीवनमा उज्यालो बाल्न चाहन्थे। र, एक दिन लगभग तीस वर्षको अथक संघर्षपछि मान्छेले जित्यो। अर्थात्, उज्यालोको जित भयो। न्यायको जित भयो। त्यस देशमा प्रजातन्त्र आयो।

तर दुर्भाग्य, विजयको अबिर नपखालिँदै, सबै कुरा उलटफेर भयो। सडकमा पोखिएको सहिदको रगत नसुक्दै, सर्पहरू भेष बदलेर मान्छेको गोलामा मिसिए। विजयोत्सवमा सर्पहरूले समेत अबिरजात्रा गरे। चोकचोकमा भव्य प्रीतिभोजहरू आयोजना गरिए। भोजमा सर्पहरू पनि आमन्त्रित थिए। त्यसपछि, कतै सर्पले मान्छेसँग मीत लगाए, कतै सर्पले मान्छेलाई सत्ता र सम्पत्तिको सम्मोहनले बाँधे। र, यसरी एउटै आन्दोलनका नायक र खलनायकहरूबीच साइनो कसिँदै गयो। त्यसपछी अनौठो भयो। यस्तो भयो कि बिस्तारै सत्ताको सिंहासनमा बस्ने मान्छेहरू विषालु बिच्छीमा फेरिए। र, त्यो अचम्मको देशमा सुरु भयो बिच्छीहरूको साम्राज्य। जब बिच्छीहरूको शासन सुरु भयो, मान्छेहरू फेरि जागे। सडकमा न्यायका नाराहरू घन्कन थाले। लोकतन्त्रको स्वर अजेय बनेर उठ्यो। बिच्छीहरूविरुद्ध मान्छेले विद्रोहको मसाल बाल्यो। र, अन्ततः बिच्छीहरूको कुशासन पनि ढल्यो। त्यस देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आयो।

तर दुर्भाग्य सकिएन। आन्दोलन सकिएको अर्को दिनदेखि नै सर्प र बिच्छीले घाँटी जोडे। फेरि यत्रतत्र सत्ताको प्रीतिभोज आयोजना भयो। ठेकेदारीको दिवाभोज। लुट र कमिसनको रात्रिभोज। राज्यदोहनको ककटेल। यतै प्रतिभोज, उतै सहभोज। जसै स्वादिष्ट भोजहरू चल्दै गए, तसै मान्छेको स्वरूप फेरिँदै गयो। प्रीतिभोजको चमत्कारले हुनपर्छ, शनैःशनैः लोकतन्त्रवादी नेताहरू त खुँखार ब्वाँसोमा पो फेरिँदै गए। यसरी त्यो अनौठो देशमा ब्वाँसाहरूको कुशासन सुरु भयो। मान्छेको विद्रोह रोक्न ब्वाँसाहरूले भने, 'हामीले मान्छेको रगत खान छोडिदियौं। हामीले निर्धा प्राणीको सिकार गर्न छोडिदियौं। हामी ज्ञानी भयौं। हामी लोकतान्त्रिक भयौं। अब सामाजिक न्याय र समृद्धिका नयाँ दिनहरू आउँछन्।' ब्वाँसाहरूको झुटलाई मान्छेले विश्वास गरे। त्यसपछि

बाँकी ७ पेजमा

# नाजुक राजनीतिक सुरक्षा






केशरबहादुर भण्डारी

राजनीतिक सुरक्षालाई राष्ट्रिय सुरक्षा नीतिको पहिलो प्राथमिकतामा राखिन्छ, विशेषतः तेस्रो विश्वका मुलुकहरूमा। तर, राजनीतिक सुरक्षाको सर्वाधिक दुरुपयोग पनि तेस्रो विश्वका मुलुकहरूमै हुने गरेको पाइन्छ। यस्ता देशका नेताहरू यो शब्दावली सुन्न पनि चाहँदैनन्, यसको दुरुपयोगका कारक आफैं भएकाले।

मात्रात्मक रूपमा धेरथोर होला, नेपालको अवस्था पनि यही हो। यहाँ राजनीतिक सुरक्षाको संक्रमणकाल छ, अहिले। राष्ट्रिय सुरक्षा नीति वा बृहत् सुरक्षा नीतिका अन्य मुख्य विषयमध्ये आर्थिक सुरक्षा, परराष्ट्र नीति/कूटनीतिक सुरक्षा, पर्यावरणीय सुरक्षा, सामाजिक तथा सांस्कृतिक सुरक्षा, आन्तरिक सुरक्षा, खाद्य सुरक्षा लगायत मानव सुरक्षाका विविध पक्षको स्तर न्यून पाइन्छ।

संविधानले तोकेको राष्ट्रिय हितका आधारभूत विषयहरू नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिमध्ये अधिकांशको अवस्था सन्तोषजनक छैन। झन् बिग्रँदो छ, दिनानुदिन। यसरी राष्ट्रिय सुरक्षाका विषयहरू संकटोन्मुख हुनुको मूल कारण राजनीतिक सुरक्षा कमजोर हुँदै जानु हो। राजनीतिक सुरक्षा नै उल्लिखित सबैजसो विषयको सुरक्षाको मूल हो। र, मूल नसङ्लिएसम्म अन्य सुरक्षा सधैं कमजोर हुन्छन्। अहिलेको राष्ट्रिय मुद्दा भनेको कसरी राजनीतिक सुरक्षा प्राप्त हुन्छ र मजबुत गर्न सकिन्छ भन्ने नै हो।

राजनीतिक सुरक्षाको प्राप्ति भनेको पहिलो त संविधानको सुरक्षा हो। दोस्रो चाहिँ देश, समाजमा स्थापित सही मूल्य-मान्यता र आम नागरिकको हितका विषयहरूको सुनिश्चितता हो। तर, संविधान मिच्ने, स्वार्थअनुकूल व्याख्या-अपव्याख्या गर्ने, सामाजिक मूल्य-मान्यताको अवमूल्यन गर्ने, आम जनताबीच विभाजन ल्याउने गरी राष्ट्र र नागरिक हितविपरीत काम गर्ने तथा व्यक्ति र पार्टीगत स्वार्थलाई राष्ट्रिय स्वार्थभन्दा माथि राखी राजनीति गर्ने परिपाटी छ, जुन राजनीतिक सुरक्षामाथि घात हो। राजनीतिशास्त्रीहरूले लोकतन्त्र धरापमा पर्ने सम्भावना बढेको भनी मूल्यांकन गर्न थालेका छन्। सैद्धान्तिक विचलन, शक्ति र सत्ता जसरी पनि हत्याउन जोसँग पनि अनैतिक, अप्राकृतिक र आपराधिक गठबन्धन गर्न पनि तयार हुने प्रवृत्तिका कारण निर्वाचन कुरूप राजनीतिक अभ्यास बन्दै गएको मात्र होइन कि लोकतन्त्रको सुन्दर पक्ष नै कमजोर हुन पुगेको छ। आजीवन प्रजातान्त्रिक विचार, सिद्धान्त, आस्था र निष्ठामा बसेका कुनै कांग्रेसी कार्यकर्तालाई हँसिया हथौडामा भोट हाल्न बाध्य पार्नु भनेको यस्तै असंगतिको एउटा उदाहरण हो।

केही महिनादेखि राष्ट्रमा जनताले भोग्नुपरेको र भोगिरहेका प्राकृतिक र मानवसृजित कतिपय समस्या र मुद्दाहरू ओझेलमा परेका छन्, यिनै राजनीतिक अभ्यासका कारण। कुनै पनि राष्ट्रिय एजेन्डा/मुद्दाले महत्त्व पाउनै छाडेको छ। पार्टी नेतृत्वहरूमा गठबन्धन र सिट भागबन्डाबाहेक अन्य कुराको फिक्री देखिँदैन। राजनीतिलाई नै बस्ने, खाने, सुत्ने, उठ्ने, गफ हाँक्ने, पैसा कमाउने र स्वार्थपूर्ति नहुँदा सत्तोसराप गर्दै तिक्तता पोख्ने भाँडो बनाएका राजनीतिक भीडहरूका अगाडि बहुमतमा रहेका र राष्ट्रप्रति वफादार आम जनता निरीह हुन पुगेका छन्। विचार, सिद्धान्त, आस्था र निष्ठा सबै राजनीतिक भाष्यमा मात्र सीमित भएका छन्, व्यवहारमा होइन। उपर्युक्त सबै लोकतान्त्रिक आदर्शलाई नेताहरूले पोलेर खाइसकेका छन्। जब लोकतन्त्रको आधार नै धराशायी हुँदै छ भने यो व्यवस्थाको दिगोपनमा प्रश्न खडा हुनु स्वाभाविक हो। देशको संविधान र राष्ट्रिय सुरक्षा नीति अनुसार विधिसम्मत राजनीतिक अभ्यास चल्न/चलाउन सके मात्र राजनीतिक सुरक्षाको निश्चितता हुन्छ। यस्तो हुन सकेको छैन, खतरा यहींनिर छ।

राष्ट्रिय राजनीति नै बरालिएका कारण देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सबका सब ध्वस्तै नभए पनि राम्रैसँग भाँडिएका छन् र यिनले जनआस्था गुमाएका छन्। राष्ट्रपतिलाई समेत विवादमा तानी बदनाम गर्न पछि परेका छैनन् पार्टी र नेताहरू। पार्टीका शीर्षस्थ नेतृत्वहरू एकआपसमा हिलो छ्यापाछ्याप र तल्लो स्तरको गालीगलौजमा उत्रिँदा देशमा को ठीक र को बेठीक भनेर छुट्याउनै गाह्रो भएको छ। अनि, यस्तो अवस्थामा देशलाई सही निकास दिने कसले त? जनतामा राजनीतिप्रति वितृष्णा बढ्दो छ, जसलाई कम आकलन गर्ने सुविधा छैन नेताहरूलाई। देश चुनावी वातावरणमा रुमलिएको छ। लोकतन्त्रको धज्जी उडाउँदै गठबन्धनहरू बनेका छन्। लोकतन्त्र जोगाउन, राजनीतिक स्थिरता कायम गर्न र संविधानको रक्षा गर्न यसका लागि बाध्य भएको निर्लज्ज अभिव्यक्ति दिन किञ्चित् लाज मान्दैनन् नेताहरू। अहिलेको अप्राकृतिक गठबन्धनले कुसंस्कारको रूप लिँदै छ, लोकतन्त्रका लागि यो शुभसंकेत होइन। यस्तो राजनीतिक कुसंस्कारले लोकतन्त्र जोगिने होइन बरु मासिन सक्छ।

'मनी', 'मसल' र पहुँचका आधारमा मात्र स्वार्थपूर्ति हुने/गर्ने मानसिकता बोकेका शीर्षस्थ नेताहरू, थाँक्रोबिना माथि उक्लिनै नसक्ने लहरे प्रवृत्ति बोकेका मध्यम तथा तल्लो तहका नेता भनाउँदाहरू र यिनै फोहोरी खेलमा चलखेल गर्न सक्नुलाई नै कुशल राजनीति ठान्ने आम कार्यकर्ताको भीडमा लोकतन्त्र निसासिँदो छ। चुनावको तिथिमिति घोषणा भई आचार संहिता लागू भइसक्दा पनि त्यसको खिल्ली उडाउँदै आचार संहिता मिच्ने काम सत्ताधारी गठबन्धनबाटै निर्धक्कै भइरहेछ। आचार संहिता लागू गर्ने विषयमा निर्वाचन आयोगचाहिँ हुटिट्याउँले आकाश थामेजस्तो भ्रममा ट्याउँट्याउँ गरेरै मात्र आफ्नो दायित्व पूरा गरिरहेको सम्झिन्छ, भलै नबुझेको त उसले पनि छैन। स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउने भनी नेता र निर्वाचन आयोग सबै सुगाले 'गोपी कृष्ण कहो' भनेझैं यान्त्रिक रटान लगाउनमै व्यस्त छन्। तर, यो फोहोरी राजनीतिक अभ्यास न साधन हो, न त साध्य नै। यसैले नेपालजस्तो सानो राष्ट्रले आफ्नो अहं राष्ट्रिय हित, चासो तथा राष्ट्रिय अस्मिता जोगाउन राजनीतिक सुरक्षाको सुनिश्चितता गर्नैपर्छ। विद्यमान प्रदूषित राजनीतिक व्यवस्था र अभ्यासमा अब पनि सुधार नगर्ने हो भने राजनीतिक भविष्य नै खतरामा पर्न सक्ने सम्भावना बढ्दो छ। अहिलेकै अवस्थामा रुमलिएर बस्ने हो भने त्यो दिन धेरै पर नहुन पनि सक्छ; 'घरै पोलेपछि खरानीको के दुःख' भनेझैं अवस्था आउन पनि सक्छ। चेतना भया!

(पूर्वसहायक रथी भण्डारी नेपाल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजमा आबद्ध छन्।)

**-कान्तिपुर**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एव अपांगता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक : ऐरावती गाउँपालिका बरौला, प्यूठान

## प्यूठान...

*खर्च हुनबाट जोगियो। यस्ता गम्भीर प्रकारका शल्यक्रिया प्युठानमै हुनु भनेको सम्पुर्ण प्युठान बासी लगायत छिमेकी जिल्लाबासीहरुका लागि पनि खुसिको कुरा रहेको उनले बताए।*

*अस्पतालमै बाल रोग बिशेषज्ञ डाक्टर सौरभ श्रेष्ठ, डाक्टर पारुल खड्का, एनेस्थेसिया मधु सुनार, नर्सिङ कर्मचारी लगायत राम्रो टिम भएकै कारण शल्यक्रिया गर्न सहज भएको डाक्टर केसिले बताए। अहिले बच्चाका बुवा शंकर नेपाली खुसी हुँदै आफ्ना जुम्ल्याहा सन्तानलाई काखमा लिएर अस्पतालमा बसेका छन। उनले आफ्नो श्रीमती र बच्चालाई बचाइदिएको भन्दै डाक्टरहरुलाई धन्यवाद समेत दिए। अस्पतालका बालरोग विशेषज्ञ डाक्टर सौरभ श्रेष्ठका अनुसार अहिले बच्चाहरुको स्वास्थ्य अबस्था राम्रो रहेको बताए। त्यसैगरी पछिल्लो समय विशेषज्ञ सहितको सेवा दिदै आएको प्यूठान अस्पतालमा लामो समयसम्म भिडियो एक्सरे सेवा अबरुद्ध हुँदा समेत अस्पताल प्रसासनले कुनै चासो नराखेको स्थानीयको गुनासो छ।*

झुलेनी पोष्ट साप्ताहिक

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्कः ०८६-५९०४३६

Email : jhulenipyuthan@gmail.com

## कविता

झुलेनी र लिस्ने हिमालबाट सगरमाथा देखिन्छ।
त्यहीं हिमालको काखमा बसि कविता लेखिन्छ।
गर्दछ्न घमण्ड अहम् दुइदिन मिठो बोली छैन।
मनुष्यको चोला यस्तै रैछ आज छ भोलि छैन।

बालक झैं देखिन्छु अझै थाहा भएन उमेर बढेको।
याद आउँछ साथी सङ्गी रहि त्यहीं स्कुल पढेको।
गुरुवा गुरुआमाले शिक्षा दिएको स्कुल गगा मावी।
छुट्टीएर टाढा हुने सबैसँग कस्तो लेखियो भावी।

लाग्थ्यो सधैंभरी हामीलाई बहानेको बजार राम्रो।
धर्म संस्कृती जगेर्ना सँगै पाठपुजा हुन्थ्यो हाम्रो।
खोला र नाला सुस्साउथे सदा बजारको चारैतिर।
सित्तल पवन ल्याउदै बगदथ्यो माथी कोठिभिर।

देखिन्छ तल बिजुवार बागदुला रमाइलो बजार।
आउछन् घुम्न मनुष्यहरु पनि लाखौमा हजार।
जब आँखाहरु बन्द हुन्छन् तब संसार छेकिन्छ।
बाचुन्जेल मात्र हो रैछ यहाँ सबैले धर्ती टेकिन्छ।



**श्यामकुमार क्षेत्री (मुस्कान)**
*नौबहिनी -८, बल्लेखोला प्यूठान, हाल भारत*

## गजल

सोचेको खोजेको जस्तो दिन छैन रात छैन
यो मन भित्र कोही कसैलाई केही बात छैन।

जसरी एक पिँजडाको चरी सुनसानमा बाँच्छ
त्यसैगरी - अब यो दिल पनि त आजाद छैन।

यो दिलमा राज गर्नेहरु ढुक्क भएर आए हुन्छ
मेरो प्रेमको - शब्दकोशमा कसैलाई घात छैन।

तिमी धन पैसाको करोडपति हौ म मनको हुँ
ममा कुनै घमण्ड छैन धन पैसाको मात छैन।

प्रिया सुन खोज्ने भए अरु रोजेर जान सक्छौ
म गरीब हुँ महल दिन सक्ने मेरो औकात छैन।



**जीवन रावल क्षेत्री (बझाङ्गी)**
*बित्थडचिर गाउपालिका ९ रैकोसी*
*हाल :भारत ब्याङ्लोर*

## मुक्तक

मुक्तक १
उमेर ढल्किँदै गएपनि दु:ख अझै हराएको छैन।
संघर्षका पाइला अघि सार्दैछु लारबराएको छैन।
जीवनमा समस्या सँग लड्दा लड्दै थाकी सकें,
फेरिपनि हिम्मत गरेकोछु कति डराएको छैन।

मुक्तक २
कहिलेअचानो त कहिले खुकुरीको धारमा छ जिन्दगी।
बिना कसुर फसाइएको बन्दी कारागारमा छ जिन्दगी।
चाहेरपनि आफ्नो जिन्दगी खुशिसँग जिउन नपाउने,
षडयन्त्र नै सडयन्त्रले भरिएको संसारमा छ जिन्दगी।

मुक्तक ३
कुनै ठाउँबाट त सगरमाथा पनि तल देखिन सक्छ।
अक्सर धनीको महलमा पनि खलबल दिखिन सक्छ।
एक दुई पटक नियालेर हेर्ने प्रयास त गरिदेऊ तिमी,
हामी गरिबको झुपडीमा पनि झलमल देखिन सक्छ।



**विष्णु पौडेल**
*पोखरा -६ बैदाम*

## कविता : यो मनले सम्झिएर तिमिलाई

यो मनले सम्झिएर तिमिलाई भेटन खोजे
मेरो यो दिलमा सजाएर तिमिलाई राखे

त्यो लामो यात्रा र तिमि सँग भएका कुराकानिहरु
त्यहाँ बसेको त्यो होटल साथमा खाना खाएका पलहरु
यो मनले सम्झिएर तिमिलाई भेटन खोजे
मेरो यो दिलमा सजाएर तिमिलाई राखे

आयौ तिमि भेट भयो मेरो मुहार खुसि भयो
यो मेरो दिलका कुराहरु तिमिलाई सुनाईने भयो
यो मनले सम्झिएर तिमिलाई भेटन खोजे
मेरो यो दिलमा सजाएर तिमिलाई राखे

तिमि सँग रमाएर अंकमाल गरे
अनि छुटिदा आशु झर्यो आशु पछेर बसे

यो मनले सम्झिएर तिमिलाई भेटन खोजे
मेरो यो दिलमा सजाएर तिमिलाई राखे



**गोविन्द राज ओझा (राजन)**
*दिपायल सिलगढी न.पा.२ दिपायल डोटी*

## कविता : मतदाता

म अन्धो मतदाता
असल खराब उम्मेदवार
छु ाउन नसक्ने ।

म बहिरो मतदाता
राम्रा बिचार सुन्न नसक्ने ।

म लाटो मतदाता
सहिलाइ सहि,
गलतलाई गलत भन्न नसक्ने ।

म लुलो लंगडो मतदाता
स्वैच्छिकले मत हाल्न नसक्ने ।

अनि मलाइ नै,
असल नेता र बिकसित देश चाहिने ।



**किरण पोखेल (एक बसन्त)**
*सरुमारानी २, दर्भान प्यूठान*

## गजल


मन फेरिन सक्छ भरोसा टुट्न सक्छ।
यो कलियुग हो बाबु साथ छुट्न सक्छ।

व्यवहारमा भन्दा अनुहारमा ध्यान दिनु,
यति ख्याल गर्नु अनुहारले लुट्न सक्छ।

तस्वीर सुन्दर देखिन्छ सिसामा सजाएको,
नियालेर नहेर्नुस यसरी सिसा फुट्न सक्छ।

तिमीलाई हतार मलाई हतार छैन महोदय,
खुसी फर्केका छैन मेरा कसरी जुट्न सक्छ।

घरी सजिलो घरी अप्ठ्यारो पार्छ समयले,
बेलाबेला लाग्छ रुखो वचनले चुट्न सक्छ।



**वासुदेव दनुवार**
*सिन्धुली*


**झुलेनी पोष्ट** साप्ताहिक

**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क: ०८६-५९०४३६**

Email : jhulenipyuthan@gmail.com


## रोचक/प्रेरक प्रसङ्ग

# २१ दिनकी शिशुको पेटबाट निकालियो ८ वटा भ्रुण



संसारमा कहिलेकाहीं अकल्पनीय घटना हुन्छन् । भारतको झारखण्डस्थित रामगढमा एउटा यस्तै घटना भएको छ। त्यहाँ २१ दिनकी एक शिशुको पेटबाट आठवटा अविकसित भ्रुण निकालिएको छ । राँचीस्थित रानी बाल अस्पतालमा शल्यक्रिया गरी ती भ्रुण निकालिएको हो । शिशु अहिले पूर्णरुपमा स्वस्थ रहेको बताइएको छ।

एक महिलाले गत अक्टोबर १० मा एउटा स्थानीय अस्पतालमा ती शिशुको जन्म दिएकी थिइन्। पेटमा समस्या देखिएपछि अस्पतालमा उनको सिटी स्क्यान गराइयो। त्यस क्रममा उनको पेटमा ट्यूमर भएको आशंका डाक्टरहरुले गरेका थिए । राम्रो उपचारका लागि डाक्टरहरुले ती शिशुलाई राँची पठाइदिए। राँचीको बाल अस्पतालमा ती बच्चीको शल्यक्रिया गरी पेटमा रहेको वस्तु निकाल्ने क्रममा चिकित्सकहरु छक्क परे । किनकि उनको पेटमा ट्यूमर नभई आठवटा अविकसित भ्रुण थिए। चिकित्सकका अनुसार नवजात शिशुको पेटमा यस्तो अविकसित भ्रुण फेला पर्नु निकै दुर्लभ घटना हो । १० लाख बच्चामा एक जनामा मात्र यस्तो हुन्छ । यसलाई चिकित्सा भाषामा फिटस इन फिटू भनिन्छ । जहाँ बच्चाको पेटमा बच्चा बन्न लाग्छ। चिकित्सकका अनुसार जब गर्भमा एक भन्दा धेरै भ्रुण हुर्किरहेका हुन्छन्, त्यसबेला कुनै भ्रुणको विकास कम हुँदा त्यस्ता भ्रुण विकसित भ्रुण भित्र विलय हुन्छन्। अनि त्यस्ता भ्रुण बच्चाको शरीरभित्र बढ्न थाल्छन्। **अनलाइन खबर**


## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

अनुरोधक:
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान**

## नगरपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : प्यूठान नगरपालिका विजुवार प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं।

**अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान**

# पत्रकारलाई निर्वाचन अभिमुखिकरण

**झुलेनी पोष्ट,**
**प्यूठान**

जिल्लामा क्रियाशिल पत्रकार हरुलाई निर्वाचन सम्बन्धी अभिमुखिकरण गरिएको छ । जिल्ला निर्वाचन कार्यालय प्यूठानले आईतबार पत्रकारहरुलाई अभिमुखिकरण गर्दै जिल्लामा स्वच्छ, स्वतन्त्र र शान्तपूर्ण तरिकाले निर्वाचन गर्ने वातावरणका लागि भूमिका खेल्न आग्रह गरिएको छ ।



मुख्य निर्वाचन अधिकृत देव प्रसाद योगीले सहि र सत्य समाचार सम्प्रेषण गर्नु पत्रकारको दायित्व भएको बताउँदै मंसिर ४ को निर्वाचन सफल बनाउन सकारात्मक भूमिका खेल्न आग्रह गरेका हुन । उनले जिल्लामा अहिलेसम्म मौखिक रुपमा मात्र उजुरी प्राप्त भएको र त्यसको मौखिक रुपमै कार्यान्वयन गरिएको बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले निर्वाचन आचार संहिता उल्लंघनका घटना हुन नदिन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताए । सबै क्षेत्रलाई निर्वाचन आचारसंहिता लाग्ने भएकाले त्यसको पालना गर्नु सबैको कर्तव्य भएको बताए । उनले गएको स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रुपमा सफल भएको भन्दै अहिलेको निर्वाचनलाई पनि शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबैको भूमिका आवश्यक रहेको बताए ।

जिल्लामा मतपत्र, मतदान सामाग्री प्राप्त भइसकेको जिल्ला निर्वाचन अधिकारी देविराम पाठकले जानकारी दिए । निर्वाचनमा खटिने कर्मचारीको टुंगो केहि दिनमा लाग्ने उनको भनाई छ । मतदाता शिक्षा नमुना मतदान लगायतका कार्यक्रम भइरहेको उनको भनाई छ । प्युठानमा एक लाख ५९ हजार सात सय ६० मतदाता रहेका छन् । प्रदेश क्षेत्र नं. क मा ७४ हजार छ सय ६३ र प्रदेश क्षेत्र नं. ख मा ८५ हजार ९७ रहेको जिल्ला निर्वाचन कार्यालय प्यूठानले जनाएको छ ।

## छोटकरी

# विद्यार्थीलाई वित्तीय साक्षरता कार्यक्रम

**झुलेनी पोष्ट,**
**प्यूठान**

कामना सेवा विकास बैंक जस्पुर शाखाले आफ्नो १६ औं वार्षिकोत्सवको अवसर पारेर वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । बैंकले माण्डवी गाँउपालिका-३ लामाचौर स्थित प्यूठान सनराईज एकेडेमीमा अध्ययनरत विद्यार्थीलाई वित्तीय सम्बन्धी जानकारी गराएको हो । बचत गर्न, पैसाको सहि सदुपयोग गर्न सिकाउन, सहि वित्तीय निणर्य गर्न, तथा वित्तीय सेवा उपभोगको अधिकार एवं प्रावधानका वारेमा शिक्षा दिने उदेश्यले वित्तीय साक्षरता कार्यक्रम गरिएको बैंकका शाखा प्रबन्धक कृष्ण सुवेदीले जानकारी दिए ।

फजुल खर्च नगर्ने, वचतका लागी औपचारिक माध्यम रोज्ने, पारिवारिक बजेट बनाएर जीवनयापन गर्ने, आधुनिक बैकिंङ सुविधाको उपभोग गर्ने, वित्तीय साक्षरता तर्फ अग्रसर बन्ने विषयमा विद्यार्थीलाई ज्ञानमुलक शिक्षा प्रदान गरेकोमा एकेडेमीका प्रधानाध्यापक राम बहादुर विश्वकर्माले बैंकलाई धन्यवाद दिए । एकेडेमीमा अध्ययनरत कक्षा ६, ७ र ८ का विद्यार्थीसँग गरिएको वित्तीय साक्षरता कार्यक्रमा बैंकका प्रवन्धक कृष्ण सुवेदी, महिराज भट्ट, अम्बिका सुवेदी, यशोदा पौडेल, गणेशमान खड्का, राजकुमार विष्ट, स्कुलका प्रधानाध्यापक राम बहादुर विश्वकर्मा, शिक्षक चन्द्र प्रसाद पौडेल, बाम बहादुर खत्री, लंक बहादुर नेपाली, भोजेन्द्र कुँवर लगायतको उपस्थिति रहेको थियो ।




# लायन्स क्लबद्वारा डा. पौडेललाई सम्मान

**झुलेनी पोष्ट,**
**प्यूठान**

प्युठान लायन्स क्लब प्यूठानले डा राजेन्द्र पौडेललाई सम्मान गरेको छ । शनिबार जुम्रीमा एक कार्यक्रम गरि डा. पौडेललाई सम्मान गरेको हो प्युठानका धेरै दिन दुखी एबम हार्ड जोर्नी सम्बन्धी गरिब बिरामिहरुको निसुल्क उपचार तथा सल्लीक्रिया गरेको भन्दै लायन्स क्लब प्युठानले पोखरा स्वास्थ्य बिज्ञान प्रतिस्ठान पोखरामा कार्येरत हार्ड जोर्नी तथा नसारोग विशेषज्ञ डाक्टर पौडेललाई थप प्रोत्सानका लागि सम्मान गरेको क्लबका जोन चियर प्रसन अर्जुन कुमार कक्षपतिले बताए। प्युठानबाट रिफर गरिएका ६१ जना हाडजोर्नीका बिरामिहरुको पौडेलले निशुल्क सल्यक्रिया गरेका थिए ।




सम्मान कार्य लायन्स क्लब प्यूठानका अध्यक्ष मीन बहादुर कुवरको अध्यक्षता रहेको कार्यक्रममा सल्यक्रिया गरिएको विरामी र आफन्तको पनि उपस्थित रहेको थियो ।

उनीहरुले डाक्टर राजेन्द्र पौडेल लाई भेटेर खुसी व्यक्त गर्दै दिन दुखि तथा गरिबका डाक्टर पौडेल भगवान रहेको बताएका छन । प्युठानको मल्लरानी गाउपालिका ३ बर्बोटमा जन्मीएका डाक्टर पौडेलले आफुलाई सधै गरिब बिरामिहरुको सेवा गर्न पाउँदा खुसी मिल्ने बताए। साथै पौडेलले प्यूठानमै आएर अझ धेरै प्यूठानी जनतालाई सेवा दिने चाहाना रहेको समेत बताएका छन ।

# बरौलामा एक्सरे सेवा सुरु

**झुलेनी पोष्ट,**
**प्यूठान**

ऐरावती गाउँपालिका वडा नं २ मा रहेको बरौला स्वास्थ्य चौकीमा एक्सरे सेवा सुरु गरिएको छ । आइतबार एक औपचारिक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष नविल विक्रम शाहले एक्सरे सेवा शुभारम्भ कार्यक्रमको उद्घाटन गरेका हुन । उद्घाटन कार्यक्रममा आफ्नो मन्तव्य राख्दै गाउँपालिका अध्यक्ष शाहले यस क्षेत्रका बिरामीहरुलाई एक्सरे सेवा लिनका लागि सहज हुने बताए । यहि सेवा लिनैका लागि बिजुवार, बुटवल जानुपर्थ्यो, अध्यक्ष शाहले भने, "अब अन्य क्षेत्रमा जानुपर्ने बाध्यता हटेको छ ।" बरौला स्वास्थ्य चौकीमा भिडियो एक्सरे, ल्याब सेवा, ईसिजी, एमरजेन्सी सेवा सञ्चालनमा छ ।

बिगत २ वर्षदेखी यस स्वास्थ्य संस्थामा मेडिकल अधिकृत डाक्टर समेत राखेर बिरामीहरुको सेवा दिईरहेको अध्यक्ष शाहले बताए । यस ठाउँमा १५ सैयाको अस्पताल निर्माणका लागि टेण्डर प्रक्रिया अगाडी बढिरहेको समेत उनले बताए । बरौला स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं २ का वडा अध्यक्ष भिमेस कुमार घर्तीमगरको अध्यक्षतामा भएको एक्सरे सेवा शुभारम्भ कार्यक्रममा गाउँपालिका अध्यक्ष शाह, गाउँपालिका उपाध्यक्ष कृष्ण प्रसाद श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हिरालाल भण्डारी, बरीला स्वास्थ्य चौकीमा कार्यरत मेडिकल अधिकृत डा. अमित पाण्डे, विभिन्न वडाका वडा अध्यक्ष, पालिकाका स्वास्थ्य शाखा प्रमुख बालगोपाल श्रेष्ठ, कार्यपालिका सदस्य, वडा सदस्य, गाउँपालिकामा कार्यरत कर्मचारी, स्वास्थ्य चौकी व्यवस्थापन तथा संचालन समितिका पदाधिकारी लगाएतको उपस्थिती रहेको थियो । बरौला स्वास्थ्य चौकीका प्रमुख लक्ष्मी जिसीको स्वागत मन्तव्यमा सुरु भएको कार्यक्रमको सञ्चालन ऐरावती गाउँपालिकामा कार्यरत एम.आई.एस. अपरेटर सागर रिजालले गरेका थिए ।




# जिप दुर्घटना हुँदा ३ जनाको घटना स्थलमै मृत्यू

**झुलेनी पोष्ट,**
**प्यूठान**

प्यूठान नगरपालिका ५ पुर्णगाउँमा जिप दुर्घटना हुँदा ३ जनाको घटना स्थलमै मृत्यू भएको छ विजुवारबाट प्यूठान नगरपालिका ५ पुर्णगाउँ जादै गरेको जिप दुर्घटनामा परि तीन जनाको मृत्यू भएको हो ।



लु १ ज ३७०७ नम्मको जिप बुधबार राती १ बजेको समयमा दुर्घटनामा परि प्यूठान नगरपालिका ५ पातलकटेरी निवासी ४६ वर्षका खुमन थापा सोही ठाउबस्ने ४६ वर्षकी जुनकी थापा र वर्ष ५२ कि महिमा घर्ती को घटना स्थलमै मृत्यू भएको छ भने १३ जना घाइते भएका छन । घाइतेहरुको प्यूठान स्पतालमा उपचार भैरहेको छ । गंभिर ६ जनालाई बुटवल रिफर गरिएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जानकारी दिएको छ । घाइते हुनेहमा फागुनी खत्री, गोरी खत्री, कुमारी महरा, डिलाराम घर्ति क्षेत्री, निमा खत्री, जुठी महरा, कुमारी महरा, नोखी महरा, गोरी खत्री, निमलाल घर्ति, जगमा महरा, रामे रोका र चालक विनोद केएम रहेका छन् ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# गर्भवती महिलाले दाँतमा ब्रेसेस बाँध्न मिल्छ?

गर्भवती महिलाहरूलाई उनीहरूको गर्भावस्थामा धेरै कुराहरु नगर्न सल्लाह दिइन्छ। निश्चित प्रकारको औषधि लिनेदेखि केही खानेकुराहरूसम्म । यद्धपि, गर्भवती महिलाहरूले अर्थोडोन्टिक उपचार गर्नुहुँदैन भन्ने कुनै वास्तविक कारण छैन ।

धेरै गर्भवती महिलाहरूले गर्भवती हुँदा कोष्ठकहरू लगाउने (दाँतमा तार अर्थात् ब्रेसेस बाँध्नु) बारे मुख्य चिन्ताको विषय भनेको बढ्दो बच्चाको लागि कोष्ठकहरू सुरक्षित छन् कि छैनन् भन्ने हो। तिनीहरूमध्ये धेरै कोष्ठक (braces) सामग्रीको बारेमा चिन्तित छन् । सुसमाचार यो हो कि कोष्ठकहरू गर्भावस्थाको समयमा लगाउन पूर्ण रूपमा सुरक्षित छन्। प्रक्रियाको एक मात्र भाग जुन असुरक्षित मान्न सकिन्छ जुन एक्स-रे गतिविधि हो । यदि तपाईंले पहिले नै आफ्नो एक्स-रे लिइसक्नुभएको छ भने, तपाईंले कुनै कुराको चिन्ता लिनु पर्दैन । तपाईंको अर्थोडन्टिस्टले ब्रेसेसका लागि विकल्पहरूको विस्तृत विविधताबारे छलफल गर्न सक्छ जुन तपाईंको लागि उपयुक्त हुनेछ ।

कोष्ठकहरू (braces) ले सामान्य असुविधा निम्त्याउन सक्छ चाहे तपाईं गर्भवती हुनुहुन्छ वा हुनुहुन्न । पहिलो केही हप्तामा तपाईलाई केही सुन्निने र दुखाइ हुनसक्छ जुन समयसँगै कम हुनुपर्दछ। धेरै नयाँ अर्थोडोन्टिक बिरामीहरूको लागि अप्ठ्यारोपन हुन सक्छ। फेरि, यो कम हुनुपर्दछ किनकि तपाईंको जिब्रोले तपाईंको मुख भित्र रहेको उपकरणको लागि समायोजन गर्न आफ्नो गतिविधिहरू परिवर्तन गर्दछ । तपाईंले समायोजन नगरेसम्म, तपाईं बोल्नका चुनौतीहरू र अन्य अवरोधहरूको सामना गर्न सक्नुहुन्छ । तपाईंले कठिन शब्दहरू र वाक्यांशहरू अभ्यास गरेर त्यो समस्या समाधान गर्न सक्नुहुन्छ ।

अर्थोडोन्टिक उपचार सुरु गर्नुअघि, कुनै पनि पूर्व-अवस्थित पेरियफोडेन्टल अवस्थालाई सम्बोधन गर्नुपर्छ । गर्भावस्थाले धेरै हर्मोनहरू परिवर्तन गराउँछ। ती परिवर्तनहरूले तपाईंको मुखलाई असर गर्न सक्छ।

तपाईलाई हुनसक्ने एउटा समस्या भनेको तपाई गर्भवती नभएको खण्डमा तपाईको दाँत सामान्यतया हुने भन्दा खुकुलो हुने अवस्था हो । तपाईंले रिटेनर लगाउनु पर्ने हुन सक्छ वा तपाईंले लामो समयसम्म आफ्नो कोष्ठकहरू लगाउनु पर्ने हुन सक्छ । ताकि विशेषज्ञले तपाईंको कोष्ठकहरू हटाउनुअघि तपाईंको हार्मोनहरू सामान्यमा फर्किने मौका पाउँछन् । कोष्ठकहरू हटाएपछि रिटेनरले दाँतलाई एकसाथ राख्छ। तसर्थ, मौखिक स्वास्थ्य कायम राख्न थप कठोर मौखिक स्वच्छता दिनचर्या आवश्यक हुनेछ । द्रुत दाँत क्षय अर्को समस्या हो जुन गर्भावस्थाको समयमा उत्पन्न हुन सक्छ दाँत क्षयको लागि ठूलो सम्भावना हो । किनभने बढ्दो बच्चाले तपाईंबाट भिटामिन र खनिजहरू निकाल्छ । यसको कारणले गर्दा, तपाईंले गर्भवती हुँदा र तपाईंको दाँतमा कोष्ठकहरू हुँदा तपाईंले भिटामिन डी र क्याल्सियम जस्ता अतिरिक्त पोषक तत्वहरू उपलब्ध गराउनुहुन्छ भनी सुनिश्चित गर्न आवश्यक छ। तपाइँ पूरकहरू लिन सक्नुहुन्छ वा तपाइँ केहि आहार परिवर्तनहरू लागू गर्न सक्नुहुन्छ जसले तपाइँलाई समान प्रभाव दिन सक्छ ।

तपाईंको पोषक तत्वहरू राख्नाले तपाईंलाई रक्तस्राव र क्षय जस्ता लक्षणहरूबाट बचाउन सक्छ । यदि तपाईलाई ब्रेसेसको बारेमा चिन्ता छ भने ओर्थोडन्टिस्टले पारंस्परिक ब्रेसेसका विभिन्न विकल्पहरूको बारेमा तपाईसँग कुरा गर्न सक्छ । तपाईलाई चासो लाग्ने एउटा विकल्प भनेको इन्भिजेलिङ विकल्प हो । इन्भिजेलिङ एक प्रणाली हो जसले परम्परागत कोष्ठकहरूको सट्टा दाँत सीधा गर्न प्लास्टिक एलिग्नेर्स प्रयोग गर्दछ । यदि तपाइँ गर्भवती हुँदा तपाइँको दाँत सीधा गर्ने बारे विवेकी हुन चाहनुहुन्छ भने, तपाइँ अर्थोडन्टिस्टलाई इन्भिजेलिङ बारे सोध्न सक्नुहुन्छ। अर्को फाइदा जुन तपाईं इन्भिजेलिङ को प्रयासबाट बाहिर निस्कन सक्नुहुन्छ। त्यो भनेको सजिलो सफाई पहुँच हो। तपाईं कुनै पनि समयमा इन्भिजेलिङ प्रणाली हटाउन सक्नुहुन्छ ताकि तपाईं आफ्नो दाँत सफा गर्न सहजै पहुँच पाउनुहुनेछ। यसले दाँत क्षय समस्याहरूको सम्भावना कम गर्न सक्छ ।



डा. मुकुन्द झा

**(डा. मुकुन्द झा अर्थोडोन्टिक्स तथा डेन्टोफेसियल अर्थोपेडिक्स हुन्।)**

# तामाको भाडामा राखिएको पानी पिउनुका १० फाइदा

**-जानकारी**



आयुर्वेदका अनुसार तामाको भाँडामा पानी खानाले तीनैवटा दोष (वात, कफ र पित्त) लाई सन्तुलित पार्ने क्षमता हुन्छ। यस्ता छन् अरु फाइदा ।

१. तामाको भाँडामा राखिएको पानीलाई 'ताम्रजल' भनिन्छ। यसका लागि तामाको भाँडामा कम्तीमा ८ घण्टा राख्नुपर्छ ।

२. तामाको भाँडामा पानी राख्नाले तामा बिस्तारै पानीमा मिसिएर सकारात्मक गुण प्रदान गर्छ। यसको सबैभन्दा राम्रो पक्ष भनेको यसमा राखिएको पानी कहिल्यै पनि बेस्वादको हुँदैन। त्यसैले लामो समयसम्म तामाको भाँडामा पानी राख्न सकिन्छ ।

३. तामामा प्राकृतिक रुपमा ओलीगोडिनेमिकको रुपमा (ब्याक्टेरियामा धातुलाई स्टेरलाइज्ड) मानिन्छ । यसमा राखिएको पानीको सेवनले पेटमा भएको ब्याक्टेरिया सजिलै नष्ट गर्न सक्छ। यस्तै, पानीजन्य रोग डाइरिया, कमलपित्तजस्ता रोग रोक्न पनि उपयोगी मानिन्छ ।

४. थाइरेक्सिन नामक हर्मोनको असन्तुलनका कारण थाइराइडको रोग लाग्छ । तामाको भाँडामा राखिएको पानी पिउनाले शरीरमा थाइरेक्सिन हर्मोन नियन्त्रित हुन्छ र यो हर्मोन निकाल्ने ग्रन्थीको कार्यप्रणालीलाई पनि नियन्त्रित गर्छ ।

५. तामामा मष्तिष्कलाई उत्तेजित गर्ने गुण हुन्छ। यो गुणको उपस्थितिमा मष्तिष्कले तीब्रता र कुशलतापूर्वक काम गर्न मद्दत गर्छ ।

६. जोर्नी दुख्ने समस्या छ भने तामाको भाँडामा राखिएको पानी नियमित पिउनाले फाइदा हुन्छ। यसमा एन्टी इन्फ्लेमेटरी गुण हुन्छ ।

७. यदि छाला स्वस्थ र सुन्दर बनाउन चाहनुहुन्छ भने रातभर तामाको भाँडामा राखिएको पानी बिहान पिउनुहोस् । तामाले शरीरमा नयाँ कोशिकाहरुको उत्पादनमा मद्दत गर्छ। नियमित रुपमा यस्तोपानी पिउनाले छाला स्वस्थ र चम्किलो हुन्छ ।

८. एसिडिटी, कब्जियतजस्ता पेटका समस्या भएका मानिसका लागि तामाको भाँडामा राखिएको पानी अमृतसमान हुन्छ । आयुर्वेदका अनुसार यदि शरीरमा भएको विषाक्त पदार्थ बाहिर निकाल्न चाहने हो भने तामाको भाँडामा कम्तीमा ८ घण्टा राखिएको पानी पिउनुहोस्। यसबाट पेट फुल्ने समस्या र पाचनप्रणालीका समस्या हट्छन् ।

९. तामाको भाँडामा राखिएको पानी पिउनाले चाउरी पर्ने प्रक्रियालाई पनि ढिलो गराइदिन्छ। यसले नयाँ र स्वस्थ छालाको कोशिकाको उत्पादनमा पनि मद्दत गर्छ ।

१०. यसले रगतको विकार र कमी हुने समस्या हट्छ। पोषक तत्वलाई शोषेर रक्तवाहिनी नलीहरुमा यसलाई नियन्त्रित गर्छ ।

**-स्वस्थ्यखबरबाट**

मल्लरानी वडा नं. ३ को अनुरोध

जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं। कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं । आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं। गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं। बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

मनोज कुमार जि.सी.
सचिव

नोमराज पौडेल
वडाध्यक्ष

एवं समस्त मल्लरानी गाउँपालिका ३ वडापरिवार, प्यूठान

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

-चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं।
-नियमित रुपमा शारिरीक व्यायाम गरौं।
-मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
-धुम्रपान र मद्यपान नगरौं।

स्वास्थ्य कार्यालय प्यूठान

# बरसिम घाँस खेती प्रविधि

- डा. केदार कार्की

बरसीमको खेती जाडोको मौसममा पशुको दुध उत्पादनको लागी अत्यन्तै लाभकारी मानिन्छ । बरसीमको बानस्पती कनामएलेवजान्ड्रीयम हो । बरसीममा दुधउत्पादनको लागी प्रचुर मात्रामा कयालसियम फोस्फोरस पाइन्छ साथै यसमा प्रचुर मात्रामा कैरोटिन पनि पाइन्छ । जस्ले गर्दा दुध उत्पादनमा धेरै बृद्धि हुन्छ ।

बरसीमको घाँसबाट उच्च किसिमको साइलेन्स तथा हे बनाउन सकिन्छ। सामान्य रुपमा यस्लाई तीन पटक सम्म काटेर प्रयोग गर्न सकिन्छ अतीम पटक काटेपछि बरसीमको बोटलाई खेलमा हरियो मलको रुपमा उपयोग गर्न सकिन्छ। बरसीमको बैज्ञानीक तरीकाले निम्न अनुसार खेतीगर्न सकिन्छ बरसीम उत्पालदनको लागी कम बर्षा हुने क्षेत्र आवश्यक पर्छ यसलाई राम्ररी फस्टाउन २५ डिग्री सेन्टीग्रेट तापमान चाहिन्छ विउ उत्पादको लागी बरसीम काट्ने बेलाको तापक्रम ४० डिग्री सेन्टीग्रेट सम्म तापकमान हुनु पर्छ जस्ले गर्दा राम्रो गुणस्तरको विउ उत्पादन गर्न सकियोस ।

### जमीनको छनौट :

बरसीमको खेतीको लागी मुख्य रुपमा भारी दोमट माटो भएको जमीन राम्रो मानिन्छ तर पनि यो सवै खाले माटोमा लगाउन सकिन्छ जस्मा पानी उचीत भएको हुनु पर्दछ।

### बरसीमको उन्नत प्रजती एवम् तीनको छनौट :

बरसीमको प्रजातीलाई यस्को क्रोमजोम संख्याको आधारमा दुई प्रकारले बिभाजन गर्न सकिन्छ।

१. डिप्लाइड
२. टेट्रप्लाइड गरी

### डिप्लाइडको प्रमुख प्रजातीहरु

यसमा मुख्य रुपमा मिस्कानी र बरसीम लुधियाना - १ मानिन्छ।



मिस्कावीस् यसको प्रति हेकटर उत्पादन ८००- ९०० किवटल सम्म हुन्छ । यो नरम डाठ भएको हुन्छ यस्को घास नवेम्वरको आधा आधि देखि डिसेम्वर अतींम सप्ताह सम्म काटन सकिन्छ बरसीम लुधियाना -१ बरसीमको यस प्रजातीबाट मिस्कावी भन्दा २५-३० प्रतिशत बढी उत्पादन प्राप्ती हुन्छ।

यसलाई बढी सिचाइको आवश्यकता पर्दछ यो प्रजातीको उत्पादन ११०० - १२०० किवटल प्रति हेकटर हुन्छ यसबाट दुइ महिनासम्म घाँस उत्पादन लिन सकिन्छ।

### टेट्राप्लाइडका प्रजातीहरु :

पुसाजाईट वरदान मुख्य मानीन्छ । वरदान : यस प्रजातीवाट ४ देखी ५ पटक काटेर घाँस प्राप्तगर्न सकिन्छ । यो १५० देखि १६० दिनमा उत्पादन हुन्छ।

### वरसीम खेतीगर्ने जमीनको तयारी :

यस घासको फसललाई बर्षे वाली पछि लगाउने गरिन्छ । यसैले खेतको तयारीको लागी सवभन्दा पहिले खेतको माटोलाई माटो पल्टाउने हलो ले जोत्नु पर्छ त्यस पछि हैरो लगाएर खेतलाईसम्म गरीनु पर्छ ।त्यसपछि खेतको माटोलाई राम्रोसँग मसीनो पार्नु पर्दछ । जस्ले गर्दा उत्पादन राम्रो होस किनभने वरसीमको वीउका दाना साह्मसीना हुन्छन् यसरी तयार पारीएको खेतलाई स-साना कयारीमा बाडनु पर्छ जस्ले गर्दा खेतको सिचाइ राम्रो सीत गर्न सकियोस।

### बीउ छर्ने समय :

धेरै उत्पादन लीनका लागी वरसीमलाई अक्टोवर पहिलो हप्तामा छर्नु उचित हुन्छ धेरै चाँडो धेरै ढिलो गरी बीउ छर्दा यसले उत्पादलनमा नराम्रो असर गर्दछ।

### बीउको मात्रा :

बेलैमा बिउ छर्ने हो भने प्रति हेकटर २५ देखि ३० ग्राम बीउ आवश्यक पर्छ। चाडै वा ढिलो गरी विउ छर्ने हो भने ३० - ३५ ग्रामप्रति हेकटरका दरले विउ आवश्यक पर्छ।

### छर्नु भन्दा पहिले बीउको उपचार :

बरसीम खेती गर्नको लागि बीउ उपचार गर्दा सवभन्दा पहिले बीउलाई पानीमा भिजाएर त्यसमा मिसिएको कम्पनीको बीउ तथा अन्य झारपात छुट्याउनु पर्छ । बरसीमको बीऊलाई ५ प्रतिशत नुनको झोलमा भिजाउदा बरसीमको दाना पानी मुनी थिग्रीएर बस्दछ अरु बाकी झारपात तथा अन्य अनावश्यक बीउ मिसिएको भए पानी माथी तैरीन्छन् तीनलाई छानेर निकाल्नु पर्दछ।

त्यस पछि बरसीमको बिउलाई दुइतीन पटक पानीले धोएर छायादार ठाउमा सुकाउनु पर्छ। त्यस पछि बरसीम छर्नु भन्दा पहिले राइजोवियम ट्राइफोली आइनामक जीबाणुवाट बीउको उपचार गर्नु अति आवश्यका हुन्छ। यसको लागी २५० ग्राम सख्खरको १० प्रतिसत झोल बनाएर चिसो पार्नु पर्छ । त्यस पछि राइजोवियमकल्चर मिसाएर सुकाएको बरसीमको बिउमा मिलाउनु पर्छ र केहि बेर छायामा राखी यसरी उपचारीत बीउ तयार पारीएको खेतको कयारीमा छर्ने गरिन्छ।

### बरसीमको बीउ छर्ने विधि:

बरसिमको बीउ छर्ने बेलामा राम्रो सीत तयार गरिएको खेतमा ५- ६ से.मि. पानी हुनु अत्यन्त आबश्यक हुन्छ। जसले गर्दा बिउलाइ चरा चुरुङ्गी बाट बचाउन सकिन्छ र बीउ पानी माथि ग्रने हुँदा बिउ माथि माटोको एक तह बस्ने गर्दछ । जस्ले गर्दा प्रयाप्त ओृसलो रहिरहन्छ। जस्ले बरसिमको बिउ उर्मान राम्रो मद्धत गर्दछ।

### बरसीमको लागी मलखादको ब्यबस्थापन :

बरसीम एउटा दलहनजन्य घाँसको बाली भएकोले यसमा वायुमण्डल बाट नइट्रोजन ग्रहण गर्ने क्षमता राख्दछ । जस्को कारण यो बालीलाई २० - ३० के.जी नइट्रोजन १०-१५ टन गोबर मल तथा ५०-६० के. जी.फोस्फरस प्रति हेक्टर आवश्यक पर्छ।

### घाँस काटने बेला :

बरसिम छिटो बढने हुँदा पहीलो बाली ३० दिनमा काटनाले यो बिरुवा अझ राम्रासँग फस्टाउँ छ । प्रत्येक पटक घाँस काटि सकेपछि लगभग २० के जी खेतमा हाल्नु अनिबार्य हुन्छ । घाँस काटदा सतहबाट ५ देखि ९ से.मी.अग्लो ठाउँ बाठ काटनु उचित हुन्छ।

### सिंचाइको आवश्यकता :

साधारण तया बरसिमलाई करिवन १२ देखि १८ पटक सिचाईको आवश्यकता पर्दछ । बरसिम राम्रो सित उम्रीनको लागि लगभग७ देखि १० दिनको फरकमा अलि अलि हलुका सिचाई गर्नु उपयुक्त हुन्छ। त्यसपछि १० देखि १५ दिनको फरकमा सिचाई गर्नु पर्दछ। मार्च अप्रिल महीनामा १० देखि १५ दिनको फरकमा सिचाई गर्नु पर्दछ । जल मग्नता बरसिमको लागी हानि कारक हुने गर्दछ । अत:पानीको उचित निकास राम्रो घास उत्पादनको लागि अनिवार्य हुने गर्दछ।

# ब्वाँसाहरूको...

त्यो गजबको देशमा लगातार चुनावहरू आए र गए। तर जतिसुकै चुनाव भए पनि प्रतिस्पर्धामा थिए उनै सर्प, बिच्छी र ब्वाँसाहरू। र, भोट जित्थे उनै सर्प, बिच्छी र ब्वाँसाहरूले। कस्तो अनौठो कि हिजो सर्पहरू आफ्नो सत्तालाई लोकतन्त्र भन्थे, आज ब्वाँसाहरू आफ्नो सत्तालाई लोकतन्त्र भन्दै छन्! हिजो सर्पहरू सांसद बन्थे, आज ब्वाँसाहरू। ब्वाँसाहरू नै मन्त्री, ब्वाँसाहरू नै प्रधानमन्त्री। कहिले कालो ब्वाँसो मन्त्री, कहिले पहेंलो। कहिले रातो ब्वाँसो मन्त्री, कहिले हरियो। कहिले राता र हरिया ब्वाँसाहरू मिलेर सरकार बनाउँथे, कहिले पहेंला र नीलाले मिलेर। तर जो जे भए पनि आखिर लुट्थे मान्छेकै सपना। ब्वाँसाहरू कहिले एकअर्कालाई अग्रगामी भनेर तारिफ गर्थे, कहिले एकअर्कालाई प्रतिगामी भनेर गर्थे गाली। वस्तुतः उनीहरू न अग्रगामी थिए, न त पश्चगामी। खासमा उनीहरू सबै थिए ब्वाँसाहरू। त्यसैले उनीहरूको राजनीति थियो– ब्वाँसो राजनीति। उनीहरूको पार्टी थियो– ब्वाँसो पार्टी। र, उनीहरूको सत्ता थियो– ब्वाँसो सत्ता।

पाठकवृन्द ; तपाईंहरूलाई सुनाऊँ, यो वर्ष फेरि ब्वाँसाहरूको देशमा चुनाव आउँदै छ। चुनाव लड्न उनीहरूले रंगी-बिरंगी मोर्चा बनाएका छन्। कतै गठबन्धन गरेका छन्, कसैले तालमेल। वस्तुतः दुवै मोर्चामा नायक बनेर गजधम्म बसेका छन् उनै ब्वाँसाहरू। यहींनेर तपाईंलाई सोच्नका लागि तीनवटा प्रश्न गर्छु। ब्वाँसाहरूले शासन गर्ने त्यो अनौठो देशमा मान्छेको मूल्य के होला ? त्यस देशको भविष्य के होला, जहाँ पटकपटक ब्वाँसाहरू सत्तामा पुग्छन् र मान्छेका सपनामाथि सत्ताको घोडा कुदाउँछन् ? के त्यस देशमा यो पटक पनि ब्वाँसाहरूले चुनाव जित्लान् ?

### हाम्रो देशको कुरा

ब्वाँसाहरूको देशमा जस्तै हाम्रो देशमा पनि चुनाव आउँदै छ। मंसिर ४ गते। ब्वाँसाहरूको देशमा जस्तै हाम्रो देशमा पनि राजनीतिक दलहरूले चुनाव लड्न दुई ठूला मोर्चा बनाएका छन्। गणतन्त्रवादी र राजावादीको एउटा मोर्चा। माओवादी-समाजवादी र पुँजीवादी लोकतन्त्रवादीको अर्को मोर्चा। सुन्दै आश्चर्य लाग्ने मोर्चा। अर्थात्, सिद्धान्तहीन मोर्चा। एउटाले भन्छ, यो गठबन्धन हो। अर्कोले भन्छ, यो तालमेल हो। यस्तो लाग्छ, आगामी चुनावमा दलहरूले नभई बेढंगका अप्राकृतिक मोर्चाहरूले प्रतिस्पर्धा गरिरहेका छन्, जसको एक मात्र ध्येय छ– फगत सत्ता। अर्थात्, राज्यशक्ति र सम्पत्तिको ब्रह्मलुट।

दलहरू आफ्ना असफलताहरूको सैद्धान्तिकीकरण गर्न माहिर छन्। झुटको सैद्धान्तिकीकरण। झुट नै राजनीति हो भन्ने उनीहरूले सिकेका छन्। त्यसैले उनीहरू झुटलाई ढाकछोप गर्न अनेक पत्रु भाष्यहरू बनाइरहेका छन्। एउटा मोर्चाले भन्छ– हामीले हाऱ्यौं भने परिवर्तनले हार्छ, गणतन्त्रले हार्छ, अग्रगमनले हार्छ। अर्कोले भन्छ– हामीले हाऱ्यौं भने देशले हार्छ, राष्ट्रवादले हार्छ, चुच्चे नक्साले हार्छ। एउटाले भन्छ– हामी अग्रगामी हौं। अर्कोले भन्छ– हामी राष्ट्रवादी हौं। सबै झुट। महाझुट। खासमा यी दुवै मोर्चाहरू न अग्रगामी हुन्, न त राष्ट्रवादी। उनीहरूलाई न देशको चिन्ता छ, न त परिवर्तनको। मान्छेका दुःखहरूबाट यति धेरै निरपेक्ष नेतृत्व कसरी अग्रगामी र राष्ट्रवादी हुनसक्छ ? खासमा उनीहरू दुवै सिद्धान्तहीन छन्। दुवै असफल छन्, पूर्वाग्रही छन् र बेइमान छन्। अर्थात्, उनीहरू मात्र सत्ताका भोका हुन्। उनीहरूका लागि सत्ता, शक्ति र सम्पत्तिबाहेक देश, जनता, परिवर्तन र समृद्धि सबै भ्रम हो। अन्यथा बितेका तीस वर्षमा उनीहरूले देश, जनता, परिवर्तन र समृद्धिका लागि के गरे ? मात्र कमिसन, लुट र भ्रष्टाचारको प्रीतिभोज। मान्छेको रगत र पसिनाको होली। यो अर्थमा उनीहरूका लागि ब्वाँसाको विम्ब एउटा सान्दर्भिक विम्ब हो।

वस्तुतः यो निर्वाचन हो, निरन्तरका असफलताहरूविरुद्ध नयाँ र सृजनशील भविष्यको। यो निर्वाचन हो, भ्रष्टाचारविरुद्ध सुशासनको। यो निर्वाचन हो, नालायक नेतृत्वविरुद्ध ताजा र ऊर्जाशील नेतृत्वको। अर्थात्, यो निर्वाचन हो, अँध्यारोविरुद्ध उज्यालोको। उज्यालो अर्थात् आशा। उज्यालो अर्थात् परिवर्तन। यस्तो उज्यालो जसले भविष्यका लागि नयाँ सम्भावना उद्घाटित गर्न सकोस्। अतः यो बेला, हामी मतदाता स्वयंले सोच्नुपर्ने प्रश्न छ– आगामी निर्वाचनमा परम्परागत असफलताको जालो तोड्ने कि पुरानै असफलतालाई अनुमोदन गरेर फेरि बरबार हुने ? अर्थात्, आगामी निर्वाचनमा तिनै सर्प, बिच्छी र ब्वाँसाहरूलाई भोट हालेर पछुताउने कि परिणामुखी नयाँ नेतृत्वको खोजी गर्ने ? खासमा ब्वाँसाहरूको भ्रमबाट मुक्त हुने समय हो यो। मान्छेले आफ्नो चेतनाको बिर्को खोल्ने समय हो यो। अर्थात्, यो निर्वाचन एउटा विद्रोह हो। यथास्थितिविरुद्ध मतदाताहरूको विद्रोह। भ्रष्टाचारविरुद्ध मतदाताको विद्रोह। ब्वाँसाहरूविरुद्ध, मान्छेको विद्रोह। विचार गरौं, हाम्रो प्रत्येक मत परिवर्तनको संवाहक हुन सक्छ। अतः यस निर्वाचनमा विवेकले काम गरौं। नभुलौं, ब्वाँसाहरूले कहिल्यै मान्छेका सपनाहरूको प्रतिनिधित्व गर्न सक्दैनन्।

झुलेनी पोष्ट
साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

झुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामीलाई सम्पर्क
०८६-५९०४३६

## के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?

त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।



साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

# एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स

**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**


# डेंगीबाट बचौं

-उच्च ज्वरो आउनु।
-जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
-आँखाको गेडी दुख्नु ।
-अत्याधिक टाउको दुख्नु ।
-शरीरमा राता बिमिराहरू आउनु।
-वाकवाकी लाग्नु वा वान्ता हुनु।

**यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

# धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

-धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
-आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
-कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
-धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
-धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

# गाउँपालिकाबासीलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा नि:शुल्क दर्ता गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

# गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान